नेपाल धितोपत्र बोर्ड

खुलमटार, ललितपुर ।

राय सुझाव पेश गर्ने सम्बन्धमा ।

(प्रकाशित मिति: २०८२।०८।०८)

बोर्डले मस्यौदा गरेको संलग्न बमोजिमको **"मार्जिक कारोवार सुविधा सम्बन्धी निर्देशन, २०८२"** (प्रारम्भिक मस्यौदा) उपर कुनै राय सुझाव भए सात दिन भित्र बोर्डको इमेल **brokersupervision@sebon.gov.np** मा उपलब्ध गराउन हुन सम्बन्धित सबैलाई यो सूचना प्रकाशित गरिएको छ ।

मार्जिन कारोवार सुविधा सम्बन्धी निर्देशन, २०८२ (प्रारम्भिक मस्यौदा)

धितोपत्र दलाल व्यवसायी मार्फत् लगानीकर्तालाई मार्जिन कारोवार सुविधा उपलब्ध गराउने उद्देश्यले धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ८७ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डले देहायको निर्देशन जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशनको नाम "मार्जिन कारोवार सुविधा सम्बन्धी निर्देशन, २०८२" रहेको छ ।

(२) यो निर्देशन बोर्डले तोकेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशनमा,-

(क) "ऐन" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "बोर्ड" भन्नाले धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम स्थापित नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(ग) "मार्जिन कारोवार" भन्नाले धितोपत्र दलाल व्यवसायी मार्फत् तोकिएको मार्जिन लिई शेयर खरिद बिक्रीको सुविधा दिने कार्यलाई सम्झनु पर्छ ।

(घ) "सुरु मार्जिन (Initial Margin)" भन्नाले मार्जिन कारोवार गर्नुपूर्व लगानीकर्ताले जम्मा गर्नुपर्ने रकमलाई सम्झनु पर्छ ।

(ङ) "संभार मार्जिन (Maintenance Margin)" भन्नाले मार्जिन कारोवार पश्चात् लगानीकर्ताले कायम गर्नुपर्ने न्यूनतम मार्जिन प्रतिशत रकमलाई सम्झनु पर्छ ।

(च) "मार्जिन कल (Margin Call)" भन्नाले मार्जिन कारोवारमा लगानीकर्ताले संभार मार्जिन कायम गर्न नसकेमा धितोपत्र दलाल व्यवसायीले उक्त मार्जिन कायम गर्न लगानीकर्तालाई दिने जानकारी/सूचना सम्झनु पर्छ ।

(छ) "मार्जिन कारोवार खाता (Margin Trading Account)" भन्नाले लगानीकर्ताले मार्जिन कारोवार मार्फत् शेयर खरिद बिक्री गर्न धितोपत्र दलाल व्यवसायीकोमा खोलेको कारोवार खाता सम्झनु पर्छ ।

(ज) "मार्जिन कारोवार हितग्राही खाता (Margin Trading Demat Account)" भन्नाले लगानीकर्ताले मार्जिन कारोवार मार्फत् खरिद गरेको शेयर जम्मा हुने धितोपत्र दलाल व्यवसायीकोमा खोलिएको हितग्राही खाता सम्झनु पर्छ ।

(झ) "मार्जिन कारोवार राफसाफ हितग्राही खाता (Margin Trading Clearing Account)" भन्नाले राफसाफ सदस्यले मार्जिन कारोवार मार्फत् भएको शेयर कारोवारको राफसाफ तथा फछ्र्यौट कार्यका लागि केन्द्रीय निक्षेप कम्पनीको प्रणालीमा खोलेको हितग्राही खाता सम्झनु पर्छ ।

(ञ) "लगानीकर्ता" भन्नाले मार्जिन कारोवार सुविधा मार्फत् शेयर कारोवार गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

३. **मार्जिन कारोवारका लागि योग्य शेयरः** मार्जिन कारोवार सुविधाको प्रयोजनका लागि देहायका सूचिकृत संगठित संस्थाको शेयर मात्र योग्य हुनेछ ।

(क) कम्तिमा ५० लाख कित्ता सर्वसाधारण शेयर सूचिकरण भएको,

(ख) नेटवर्थ चुक्ता पुँजी बराबर र सो भन्दा बढी भएको,

(ग) पछिल्लो तीन वर्षमा दुई वर्ष लाभांश वितरण गरेको,

(घ) प्रारम्भिक सार्वजनिक निष्काशन मार्फत् निष्काशन भएको शेयर सूचिकरण भएको कम्तीमा दुई वर्ष पूरा भएको,

(ङ) धितोपत्र बजारले तोकेको अन्य व्यवस्थाहरु ।

४. **मार्जिन कारोवार सुविधा प्रदान गर्ने धितोपत्र दलाल व्यवसायीको योग्यताः** मार्जिन कारोवार सुविधा प्रदान गर्न चाहाने बोर्डबाट अनुमतिपत्र प्राप्त गरेका धितोपत्र दलाल व्यवसायीले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछ ।

(क) चुक्ता पुँजी कम्तिमा २० करोड रुपैयाँ भएको,

(ख) राफसाफ सदस्यता प्राप्त गरेको,

(ग) निक्षेप सदस्यता प्राप्त गरेको,

(घ) धितोपत्र बजारले तोकेको अन्य व्यवस्थाहरु ।

५. **धितोपत्र बजारको सहमति लिनुपर्नेः** (१) धितोपत्र दलाल व्यवासायीले मार्जिन कारोवार सुविधा दिनु अगावै लेखापरीक्षकबाट प्रमाणित आफ्नो वित्तीय विवरण सहित धितोपत्र बजारमा सहमतिको लागि निवेदन पेश गर्नु पर्नेछ ।

(२) धितोपत्र बजारले उपदफा (१) बमोजिम प्राप्त भएको निवेदनका सम्बन्धमा आवश्यक अध्ययन गरी सहमति प्रदान गर्नेछ र सोको जानकारी बोर्डलाई समेत गराउनु पर्नेछ ।

(३) यस निर्देशन लागू हुनुपूर्व धितोपत्र बजारबाट मार्जिन कारोवार सुविधा प्रदान गर्न सहमति लिएका धितोपत्र दलाल व्यवसायीले पुनः सहमति लिइराख्नु पर्नेछैन ।

तर, यस निर्देशन बमोजिम योग्यता पुगेको कागजात धितोपत्र बजारमा पेश गर्नुपर्नेछ ।

६. **प्रारम्भिक मार्जिन (Initial margin) र सम्भार मार्जिन (Maintenance Margin) सम्बन्धी व्यवस्थाः**

(१) धितोपत्र दलाल व्यवासायीले सूचिकृत संगठित संस्थाको शेयरको १८० दिनको औषत मूल्य वा बजार मूल्यमध्ये जुन कम हुन्छ सोको न्यूनतम अनुसूची-१ बमोजिमको प्रतिशतले हुन आउने रकम लगानीकर्तासँग प्रारम्भिक मार्जिन (Initial margin) को रुपमा लिनु पर्नेछ ।

(२) मार्जिन कारोवार सुविधा अर्न्तगत खरिद गरिएको शेयरको विवरण तथा मार्जिन रकमको विवरण ग्राहकको छुट्टाछुट्टै अभिलेख बनाई राख्नु पर्नेछ ।

(३) प्रारम्भिक मार्जिनको रुपमा लिइएको शेयर र मार्जिन सुविधा अन्तर्गत खरिद भएको शेयरको मूल्यांकन दैनिक रुपमा मार्क्ड टु मार्केट (Marked to Market) को आधारमा गर्नुपर्नेछ । तर उक्त शेयरको मूल्यमा भएको बृद्धिको आधारमा थप सुविधा दिन पाइने छैन ।

(४) ग्राहकको जोखिम मूल्यांकन, बजारको अवस्था तथा सूचिकृत संगठित संस्थाको शेयरमा निहित जोखिमलाई दृष्टिगत गरी धितोपत्र दलाल व्यवसायीले उपदफा (१) मा उल्लेखित मार्जिनभन्दा बढी मार्जिन माग गर्न सक्नेछ ।

(५) धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा अवधिभर बजारको अवस्था तथा जोखिम हेरी लगानीकर्तासँग न्यूनतम अनुसूची-२ बमोजिमको प्रतिशतले हुन आउने रकम सम्भार मार्जिन (Maintenance Margin) कायम राख्नुपर्नेछ ।

७. **मार्जिन कल (Margin Call) तथा शेयर बिक्री सम्बन्धी व्यवस्थाः** (१) शेयरको बजार मूल्यमा हुने परिवर्तनका कारण लगानीकर्ताले मार्जिन कारोवार सुविधा अर्न्तगत खरिद गरेको शेयरमा आवश्यक पर्ने सम्भार मार्जिन कायम गर्न नसकेमा धितोपत्र दलाल व्यवसायीले लगानीकर्तालाई मार्जिन कल (Margin Call) गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मार्जिन कल गरेपश्चात् आवश्यक मार्जिन कायम नगरेमा वा सम्पर्कमा नआएमा धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा अर्न्तगत खरिद गरेको शेयर शेयर विक्री गर्न सक्नेछ ।

(३) धितोपत्र दलाल व्यवसायीले मार्जिन कल गर्ने तथा शेयर बिक्री गर्ने सम्बन्धी व्यवस्था स्पष्ट रुपमा आफ्नो कार्यविधिमा राख्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम शेयर विक्री पश्चात् सम्बन्धित ग्राहकसँग हिसाव फछ्र्यौट गरी सोको जानकारी धितोपत्र बजारलाई गराउनु पर्नेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि लगानीकर्ताले सम्भार मार्जिन कायम गर्न नसकेमा धितोपत्र दलाल व्यवसायीले लगानीकर्तासँग उक्त मार्जिन कायम गर्न आवश्यक रकम बराबरको धितोपत्र बजारमा सूचिकृत ‘‘ए’’ र ‘‘बी’’ वर्गमा रहेका संगठित संस्थाको शेयर धितो बन्दकीको रुपमा लिन सक्नेछ । उक्त शेयरको मूल्य गणना गर्दा १८० दिनको औषत मूल्य वा बजार मूल्यमध्ये जुन कम हुन्छ सोको ६० प्रतिशतले हुन आउने मूल्यलाई मात्र गणना गर्नुपर्नेछ ।

(६) शेयरको बजार मूल्यमा हुने परिवर्तनका कारण सम्भार मार्जिन कायम हुन आएमा उपदफा (५) बमोजिम धितो बन्दकीमा राखिएको शेयर लगानीकर्ताको अनुरोधमा धितोपत्र दलाल व्यवसायीले फुकुवा गरिदिनु पर्नेछ ।

८. **मार्जिन कारोवार सुविधा दिन धितोपत्र दलाल व्यवसायीको आर्थिक श्रोतः** (१) धितोपत्र दलाल व्यवसायीले आफ्नै स्रोतबाट, बैंक तथा वित्तीय संस्थासँग ऋण लिएर र आफ्नो शेयरधनी वा संचालकसँग असुरक्षित ऋण (Unsecured Loan) लिएर मार्जिन कारोवार सुविधा प्रदान गर्न सक्नेछ ।

तर, धितोपत्र दलाल व्यवसायीले शेयरधनी वा संचालकसँग असुरक्षित ऋण (Unsecured Loan) लिदाँ प्रचलित कम्पनी सम्बन्धी कानूनमा भएको व्यवस्था पालना गर्नु पर्नेछ ।

(२) धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा प्रदान गर्न वाणिज्य बैंकसँग लिएको ऋण र आफ्नो शेयरधनी वा संचालकसँग लिएको असुरक्षित ऋण (Unsecured Loan) धितोपत्र दलाल व्यवसायीको नेटवर्थको ४.५ गुणाभन्दा बढी हुनुहुँदैन ।

(३) धितोपत्र दलाल व्यवसायीले कुनै एक ग्राहकको नगद तथा शेयरलाई अन्य ग्राहकलाई मार्जिन कारोवार सुविधा प्रदान गर्न प्रयोग गर्न पाउने छैन ।

९. **मार्जिन कारोवार सुविधा प्रदान गर्न सकिने अधिकतम सीमाः** (१) धितोपत्र दलाल व्यवसायीले आफ्नो प्रमाणित नेटवर्थको पाँच गुणासम्म मार्जिन कारोवार सुविधा उपलब्ध गराउन सक्ने छ ।

(२) धितोपत्र दलाल व्यवसायीले कुनै एक ग्राहक तथा निजको एकाघरका सदस्यलाई आफ्नो नेटवर्थको बढिमा २० प्रतिशतभन्दा बढी मार्जिन कारोवार सुविधा उपलब्ध गराउन सक्ने छैन ।

(३) धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा प्रदान गर्दा लगानी विविधिकरणलाई समेत ध्यान दिनुपर्नेछ ।

१०. **मार्जिन कारोवारको राफसाफ सम्बन्धी व्यवस्थाः** (१) धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा अन्तर्गत खरिद भएको शेयर दैनिक रुपमा कारोवार गर्दा वा कारोवार पश्चात् वा राफसाफको समयमा पहिचान गरी राख्नुपर्नेछ ।

(२) मार्जिन कारोवार सुविधा प्राप्त गर्ने लगानीकर्ताले धितोपत्र दलाल व्यसायी मार्फत छुट्टै मार्जिन कारोवार खाता (Margin Trading Account) र मार्जिन कारोवार हितग्राही खाता (Margin Trading Demat Account) खोल्नुपर्नेछ ।

(३) धितोपत्र दलाल व्यवसायी (राफसाफ सदस्य) ले राफसाफ प्रयोजनका लागि केन्द्रीय निक्षेप कम्पनीमा मार्जिन कारोवार राफसाफ हितग्राही खाता खोल्नुपर्नेछ ।

(४) मार्जिन कारोवार गर्ने लगानीकर्ताको मार्जिन कारोवार हितग्राही खातालाई धितोपत्र दलाल व्यसायी मार्फत खोलिएको मार्जिन कारोवार खाता र राफसाफ सदस्यको मार्जिन कारोवार राफसाफ हितग्राही खातासँग आबद्ध गर्नुपर्नेछ ।

(५) लगानीकर्तालाई मार्जिन कारोवार सुविधा प्रदान गर्दा धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार खाता (Margin Trading Account) र मार्जिन कारोवार हितग्राही खाता (Margin Trading Demat Account) संचालन सम्बन्धी अधिकृत वारेसनामा (Power of Attroney) लिन सक्नेछ ।

(६) लगानीकर्ताले मार्जिन कारोवार सुविधा वापत लिएको रकम चुक्ता नगरेमा वा सम्भार मार्जिन कायम गर्न नसकेमा शेयर बिक्री तथा राफसाफ गर्ने प्रयोजनका लागि मात्र उपदफा (५) बमोजिम लिईको अधिकृत वारेसनामा धितोपत्र दलाल व्यवसायीले प्रयोग गर्नुपर्नेछ । यससम्बन्धी भएको कार्यको विवरण धितोपत्र बजारलाई समेत जानकारी गराउनुपर्नेछ ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापिन धितोपत्र दलाल व्यवसायीको कारोवार प्रणालीमा रहेको लगानीकर्ताको कारोवार खाताबाट नै मार्जिन कारोवार सुविधा दिन सकिने अवस्था भएमा छुट्टै मार्जिन कारोवार खाताको आवश्यकता पर्नेछैन ।

११. **विवरण तथा जानकारी प्रवाहः** (१) धितोपत्र दलाल व्यसायीले मार्जिन कारोवार सुविधा अर्न्तगत खरिद गरेको अनुसूची-३ बमोजिमको विवरण कारोवार भएको भोलिपल्ट मध्यान्ह १२ बजे सम्म धितोपत्र बजारलाई उपलब्ध गराउनुपर्ने छ र उक्त विवरण साप्ताहिक रुपमा बोर्डलाई समेत जानकारी गराउनु पर्नेछ ।

(२) धितोपत्र बजारले अनुसूची - ३ बमोजिमको विवरण प्राप्त गर्न आवश्यक विद्युतीय संयन्त्रको विकास गरी लागू गर्न सक्नेछ ।

(३) धितोपत्र बजारले मार्जिन कारोवार सुविधा अर्न्तगत कारोवार भएको शेयरको विवरण अनुसूची-४ बमोजिमको ढाँचामा हरेक दिन कारोवार समय पश्चात आफ्नो वेभसाइट मार्फत बजारमा संप्रेषण गर्नुपर्नेछ ।

(४) धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा अर्न्तगत कारोवार भएको शेयरको हिसाव किताव तथा लेखा बार्षिकरुपमा लेखापरिक्षण गराई बोर्ड र धितोपत्र बजारलाई आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र पेश गर्नुपर्नेछ ।

१२. **ग्राहकको जोखिम मूल्यांकन, ग्राहकसँग सम्झौता तथा गुनासो सुन्ने व्यवस्थाः** (१) धितोपत्र दलाल व्यवसायीले ग्राहकको परिस्कृत ग्राहक मूल्याङ्कन पद्धति अवलम्वन गरी पहिचान गरेर मात्र मार्जिन कारोवार सुविधा प्रदान गर्नु पर्नेछ ।

(२) धितोपत्र दलाल व्यवसायीले मार्जिन कारोवार सुविधा उपलव्ध गराउँदा सो सम्बन्धमा ग्राहकसंग सम्झौता गर्नु पर्नेछ र उक्त सम्झौतामा देहायका विषयहरु न्यूनतम रुपमा खुलाउनु पर्नेछ ।

(क) शुरु मार्जिन,

(ख) सम्भार मार्जिन,

(ग) मार्जिन कल सम्बन्धी व्यवस्था र विधि,

(घ) सेवा शुल्क वा व्याज,

(ङ) खरीद गर्ने शेयरको विवरण,

(च) मार्जिन कारोवार खाता र मार्जिन कारोवार हितग्राही खाता संचालन सम्बन्धी अधिकृत वारेसनामा (Power of Attorney) सम्बन्धी व्यवस्था,

(छ) आवश्यक कागजात तथा तमसुक,

(ज) आवश्यकता अनुसार अन्य शर्तहरु ।

(३) धितोपत्र वजारले अन्य नियमित कारोवार सरह मार्जिन कारोवार सुविधाको समेत गुनासो सुन्ने व्यवस्था गर्नु पर्नेछ ।

१३. **कार्यविधि सम्बन्धी व्यवस्थाः** (१) यस निर्देशनको अधिनमा रही धितोपत्र दलाल व्यवसायीले एकरुपता हुने गरी र धितोपत्र बजारले समेत मार्जिन कारोवार सुविधा सम्बन्धमा यथाशीघ्र आवश्यक कार्यविधि बनाई लागू गर्नुपर्नेछ ।

(२) धितोपत्र दलाल व्यवसायीले उपदफा (१) बमोजिमको कार्यविधिमा देहायका विषयहरु न्यूनतम रुपमा राख्नु पर्नेछ ।

(क) लगानीकर्ता पहिचान तथा विश्वसनीयता (Credibility) परिक्षण,

(ख) मार्जिन कल गर्ने विधि, अवधि तथा शेयर बिक्री सम्बन्धी व्यवस्था,

(ग) आवश्यक कागजात सम्बन्धी विवरण,

(घ) धितोपत्र दलाल व्यवसायी र लगानीकर्ताबीच गरिने सम्झौताको ढाँचा,

(ङ) मार्जिन कारोवार सुविधा प्रदान गर्दा लगानी विविधिकरण गर्न अपनाइने नीति ।

१४. **खारेजी तथा बचाउः** (१) मार्जिन कारोवार सम्बन्धी निर्देशन, २०७४ खारेज गरिएको छ ।

(२) मार्जिन कारोवार सम्बन्धी निर्देशन, २०७४ बमोजिम भए गरेका काम कारवाही यसै निर्देशन बमोजिम भए गरेको मानिनेछ ।

अनुसूची - १

(दफा ६ को उपदफा (१) सँग सम्बन्धित)

धितोपत्र दलाल व्यवसायीले लगानीकर्तासँग लिनुपर्ने न्यूनतम प्रारम्भिक मार्जिन

धितोपत्र बजारले गरेको वर्गिकरणमा "ए" वर्गमा परेको सूचिकृत संगठित संस्थाको शेयरमा दिइएको मार्जिन कारोवार सुविधामा	३० प्रतिशत
धितोपत्र बजारले गरेको वर्गिकरणमा "बी" वर्गमा परेको सूचिकृत संगठित संस्थाको शेयरमा दिइएको मार्जिन कारोवार सुविधामा	४० प्रतिशत
धितोपत्र बजारले गरेको वर्गिकरणमा "ए" र "बी" वर्गमा नपरेको तथा यस निर्देशनको दफा ३ बमोजिम योग्य सूचिकृत संगठित संस्थाको शेयरमा दिइएको मार्जिन कारोवार सुविधामा	३५ प्रतिशत

अनुसूची - २

(दफा ६ को उपदफा (५) सँग सम्बन्धित)

धितोपत्र दलाल व्यवसायीले लगानीकर्तासँग कायम गर्नुपर्ने न्यूनतम सम्भार मार्जिन

धितोपत्र बजारले गरेको वर्गिकरणमा "ए" वर्गमा परेको सूचिकृत भएको संगठित संस्थाको शेयरमा दिइएको मार्जिन कारोवार सुविधामा	२० प्रतिशत
धितोपत्र बजारले गरेको वर्गिकरणमा "बी" वर्गमा परेको सूचिकृत भएको संगठित संस्थाको शेयरमा दिइएको मार्जिन कारोवार सुविधामा	३० प्रतिशत
धितोपत्र बजारले गरेको वर्गिकरणमा "ए" र "बी" वर्गमा नपरेको तथा यस निर्देशनको दफा ३ बमोजिम योग्य सूचिकृत भएको संगठित संस्थाको शेयरमा दिइएको मार्जिन कारोवार सुविधामा	२५ प्रतिशत

अनुसूची - ३

(दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

धितोपत्र दलाल व्यवसायीले धितोपत्र बजारमा पेश गर्नुपर्ने दैनिक प्रतिवेदनको ढाँचा

धितोपत्र दलालको नाम: सदस्यता नं.

लगानीकर्ताको नाम	स्थायी लेखा नं.	सूचिकृत संगठित संस्थाको नाम	शेयरको किसिम	शेयर संख्या	धितोपत्र दलाल व्यवसायीले लगानी गरेको रकम

अनुसूची - ४

(दफा ११ को उपदफा (३) सँग सम्बन्धित)

धितोपत्र बजारले संप्रेषण गर्ने सूचनाको ढाँचा

सूचिकृत संगठित संस्थाको नाम	शेयरको किसिम	कुल शेयर संख्या	संपूर्ण धितोपत्र दलाल व्यवसायीहरुले लगानी गरेको कुल रकम